# कोभिडसँग जुध्न थप कदम चाल्न आवश्यक : एम्नेस्टी

■ सौर्य समाचार

काठमाडौं । एम्नेस्टी इन्टरनेसनलले दक्षिण एसियाका सरकारहरूले स्वास्थ्य सेवासम्बन्धी अभावहरूलाई तत्काल संबोधन गरी यस क्षेत्रमा कोभिड-१९ को तीब्र सङ्क्रमणविरुद्ध प्रतिकार्यका लागि अति शीघ्र स्वास्थ्य प्रणालीलाई सुदृढ पार्नुपर्ने जनाएको छ ।

सो संस्थाले बिहीबार वक्तव्यमार्फत कोरोना सङ्क्रमण महामारीलाई भारत र नेपालको स्वास्थ्य प्रणाली धान्न नसक्ने विन्दुमा पुगेको भन्दै दक्षिण एसियाका अन्य देशहरूमा देखिएको तयारीपनको अभावप्रति पनि चासो व्यक्त गरेको हो । दक्षिण एसियामा विद्यमान अत्यन्तै न्यून खोपको दरले पनि यस क्षेत्रलाई अत्यन्तै जोखिमतामा पुर्‍याएको उल्लेख गर्दै एम्नेस्टी इन्टरनेसनलले खोपमा समान पहुँच सुनिश्चित गर्नका लागि विश्वव्यापी रूपमा दबाबमूलक कार्यहरूको खाँचो रहेको समेत औंल्याएको छ ।

एम्नेस्टी इन्टरनेसनलका एसिया प्यासिफिक निर्देशक यमिनी मिश्रले आगामी दिन र हप्तामा दक्षिण एसिया र विश्वका अन्य मुलुकका सरकार हरूले लिने निर्णयहरू कोभिड-१९ सङ्क्रमणमा भएको यो पछिल्लो वृद्धिबाट हुने मानवीय क्षति न्यूनीकरणका लागि महत्वपूर्ण हुने उल्लेख गरेका छन् । विश्व जनसङ्ख्याको एक चौथाईको बसोवास भएको दक्षिण एसियामा कोभिड-१९ महामारीको नयाँ वैश्विक केन्द्रविन्दु बनिरहेको जनाउँदै सो संस्थाले भारतले अक्सिजनको निर्यातमा रोक लगाएपछि नेपालले अतिरिक्त आपूर्ती व्यवस्था मिलाउन सङ्घर्ष गरिरहेको समेत उल्लेख गरेको छ ।

दक्षिण एसिया नयाँ लहरका जोखिममा सञ्चार माध्यममा आएका प्रतिवेनहरूका अनुसार पाकिस्तान, बंगलादेश, श्रीलङ्का र नेपालका अस्पतालहरूमा सघन उपचार कक्षहरू पूर्ण रूपमा भरिएका वा क्षमताबाहिर पुग्ने अवस्थामा रहेको उल्लेख गर्दै उनले उच्च गरिबी दर, कमजोर स्वास्थ्य पुर्वाधार, विपन्न सामाजिक आर्थिक अवस्था, अपर्याप्त सामाजिक सुरक्षा प्रणाली, पानी र सरसफाई सुबिधामा सीमित पहुँच र बसोवासका लागि सीमित ठाउँका कारण यस क्षेत्रका दशौं लाख मानिसहरूको जीवन भाइरसको नयाँ लहरबाट जोखिममा रहेको जनाएका छन् ।

सङ्क्रमणलले यस क्षेत्रको पहिल्यैदेखि नाजुक अवस्थाको स्वास्थ्य सेवाको अवस्थालाई थप जटिल बनाइदिएको उल्लेख गर्दै निर्देशक मिश्रले यो बेला दक्षिण एसियाका सरकारहरूले पहिलेभन्दा पनि अझ गम्भीर रूपमा बिरामीको भारलाई व्यवस्थापन गर्न, अत्यावश्यक सेवाहरू सुचारू राख्न र महामारीको सामाजिक र आर्थिक प्रभावलाई घटाउनका लागि आकस्मिक वृद्धि क्षमताको विकासका लागि संयन्त्र निर्माण गर्नुपर्ने बताएका छन् । सो संस्थाले सबैलाई समान स्वास्थ्य सेवा प्रदान गरेर राज्यहरूले उच्च जोखिममा रहेका दैनिक ज्यालादारीमा आश्रितहरू, बन्दीहरू, शरणार्थीहरू र आन्तरिक रूपमा विस्थापितलगायतका सीमान्तकृत र कमजोर समूहहरूको मानवअधिकारको संरक्षणमा ध्यान दिन समेत औंल्याएको छ ।

जनवरी अन्तिमदेखि बङ्गलादेश, नेपाल र श्रीलङ्कालगायत देशहरूले भारत र अन्य देशहरूबाट अनुदान स्वरूप र व्यापारिक सम्झौताको माध्यमबाट खोपहरू प्राप्त गर्न थालेको भएपनि चालु सङ्कटका बीचमा भारतले घरेलु आवश्यकतालाई प्राथमिकता दिनका लागि गत २४ मार्चमा खोपको निर्यातलाई अस्थायी रूपमा रोकेको छ । यसले दक्षिण एसिया क्षेत्रमा खोपको आपूर्तिमा गम्भीर कमी हुन पुगेको एम्नेस्टी इन्टरनेसनलको ठम्याई छ ।

महामारीले दक्षिण एसिया क्षेत्रलाई तहसनहस बनाइरहेको सन्दर्भमा जीवन बचाउने चिकित्सा उपकरणहरू प्रदान गरेर र खोपको उत्पादन र आपूर्तिमा अवरोध पार्ने कानूनी अनिश्चितता र व्यवधानहरूलाई हटाएर ऐक्यबद्धता प्रदर्शन गर्न र आफ्नो मानवअधिकारप्रतिको दायित्व पूरा गर्न तथा आवश्यक सहयोग प्रदान गर्न एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय समुदायलाई आह्वान समेत गरेको छ ।

निर्देशक यमिनी मिश्रले यस क्षेत्रका जनसङ्ख्यालाई खोप लगाउन पहिल्यैदेखि संघर्षरत रहेको अवस्थामा पछिल्लो समयमा कोभिड सङ्क्रणमा भइरहेको नयाँ वृद्धिले ठूलो चुनौती खडा गरेको उल्लेख गर्दै सङ्कटको समयमा अन्तर्राष्ट्रिय समुदायले एक ठाउँमा उभिएर खोपमा समान पहुँच सुनिश्चित गरी स्थानीय रूपमा खोप उत्पादनका लागि आवश्यक स्रोत र प्रविधिको स्थानान्तरणलाई प्राथमिकता दिएर दक्षिण एसियाली मुलुकहरूलाई सहयोग पुर्‍याउनुपर्ने बताएका छन् ।

## नेपालको...

अमेरिकी डलर बराबरको स्वास्थ्य सामग्री सहयोग प्रदान गरिसकेको छ । अमेरिकामा २५ करोड जनसंख्याले कोरोना भाइरसको खोप लगाइसकेको छ र खोपको उत्पादन तीव्रगतिमा हुँदै गएकाले कोभ्याक्समार्फतको खोप केही साताभित्र नेपाल पुग्ने अपेक्षा गरिएको छ ।

**अमेरिकाद्वारा थप सहयोगको घोषणा**

काठमाडौं । कोभिड-१९का कारण उत्पन्न अक्सिजन समस्यामा सघाउन अमेरिकाले नेपाल सरकारलाई थप रु ३२ करोड १७ लाख ५० हजार उपलब्ध गराउने घोषणा गरेको छ । अक्सिजन उत्पादन कारखाना, तरल अक्सिजन भण्डारण र अक्सिजन सिलिण्डर ढुवानीका निम्ति नेपाली जनताको तत्कालको आवश्यकतामा भरथेग गर्न अमेरिकाले थप सहयता रकम उपलब्ध गराउने बिहीबार घोषणा गरेको यहाँस्थित अमेरिकी राजदूतावासले जनाएको छ ।

बिहीबार घोषणा भएको थप सहायता रकमसँगै अमेरिकी सरकारले नेपालमा कोभिड-१९ को संक्रमण शुरुभएयताको एक वर्षमा समुद्रपार मानवीय सहयोग, दैवी विपत्ति सहायता तथा नागरिक सहायता कोषबाट चिकित्सा तथा स्वास्थ्य सामग्री, व्यक्तिगत सुरक्षा उपकरण, कोरोना भाइरस संक्रमण परीक्षण उपकरण, हातधुनेस्थल निर्माणलगायत कोभिडविरुद्धका नेपाल सरकारका प्रयासमा ६७ करोड ८६ लाख प्रदान गरिसकेको पनि उक्त दूतावासले जनाएको छ ।

यही वैशाख २९ गते अमेरिकाले अत्यावश्यक स्वास्थ्य उपकरण कोभिड-१९ सङ्कट समन्वय तथा व्यवस्थापन केन्द्र (सीसीएमसी) र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकारीहरूको उपस्थितिमा नेपाल सरकारलाई हस्तान्तरण गरेको थियो ।

## १५ दिनमा...

दिनभित्र अक्सिजन प्लान्ट जडान गर्नु भन्दै हावादारी निर्देशन दिएर सरकार आफ्नो दायित्वबाट विमुख हुनु आश्चर्यको विषय हो भन्ने हामीले ठानेका छौं' अध्यक्ष बसन्त चौधरीले भनेका छन् । मेडिकेयर अस्पतालका प्रशासकीय प्रवन्धक हरिभक्त सिग्देल १५ दिनभित्र अक्सिजन प्लान्ट जडान गर्न सम्भव नहुने बताउँछन् ।

'प्लान्ट जडानका लागि आवश्यक सामग्री भारत या चीनबाट ल्याउनुपर्छ । कोरोना संक्रमणको कारण भारतमै सहज अवस्था छैन । चीनबाट ल्याउने अवस्था पनि छैन' उनी भन्छन् । अक्सिजन प्लान्ट निर्माण गर्न दुई करोड रुपैयाँसम्म लाग्ने र त्यसले दिनमा ५० सिलिन्डर भन्दा अक्सिजन उत्पादन नहुने सिग्देल बताउँछन् । त्यसमाथि महामारीको समयमा आफूहरु पनि आर्थिक समस्यामा रहेकाले यति ठूलो रकम जोहो गर्न नसकिने उनको भनाइ छ ।

'तलव खुवाउनै समस्या भइरहेको अवस्थामा यति छोटो समयमा कसरी अक्सिजन प्लान्ट जडान गर्न सकिएला र ?' सिग्देल भन्छन् । सरकारले इमान्दारीपूर्वक सहजीकरण गरिदिने हो भने तीन महिनाभित्र अक्सिजन प्लान्ट राख्न सकिने उनी बताउँछन् ।

## प्रधानमन्त्रीमा...

छलफल गरेको एक नेताले बताए । जसपाबाट कसको नेतृत्वमा सरकारमा जाने भन्ने टुंगो लागेको छैन । स्रोतका अनुसार वरिष्ठ नेता राजेन्द्र महतोले पनि सरकारमा जाने रुची देखाएका छन् । यद्यपि अहिलेसम्म महतोले सत्ता आफ्नो प्राथमिकतामा नरहेको बताउँदै आएका छन् । महन्थले पनि जसपा सत्ताको खेलमा नलाग्ने बताउँदै आएका छन् ।

## देशभर...

बुधबार मात्र सरकारले निजी अस्पताललाई १५ दिनभित्र अक्सिजन प्लान्ट लगाउन आग्रह गरेको छ । तर निजी अस्पतालले विज्ञप्ति नै जारी गरेर यस्तो छोटो समयसीमामा अक्सिजन उत्पादन गर्न नसक्ने जवाफ दिएका छन् । सरकारले अक्सिजन अभाव हुन नसक्ने जनाउदैं आएको छ । प्रधानमन्त्री तथा मन्त्रिरिषद कार्यालयको यही वैशाख २७ गतेको विज्ञप्तिअनुसार ठूलासाना गरी देशभर कुल १ लाख ८ हजार १६४ वटा अक्सिजन सिलिन्डर रहेका छन् ।

काठमाडौं उपत्यकाका १० वटा उद्योगमा ठूला ४७ हजार र साना २९ हजार ९ सय १० वटा गरी ७६ हजार ९ सय १० वटा सिलिन्डर छन् । उपत्यका बाहिर १९ वटा उद्योगमा ठूला २२ हजार ३ सय ५० र साना ८ हजार ९ सय ४ गरी ३१ हजार २ सय ५९ वटा सिलिन्डर छन् । सरकारले यस्तो दावी गरे पनि अस्पतालहरूको दृश्यले यसको खण्डन गर्दछ ।


**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Water Supply,Irrigation and Energy Development Office**
**Karnali Province, Humla, Nepal**

## Invitation for Bids

**Date of publication: 14th** *May 2021*

1. **The Water Supply,Irrigation and Energy Development Office,Humla**invites bids from eligible bidders for the**Supply and Delivery of Following Works** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. The name and identification of the contract are as follows:

| Contract ID No. | Name of Procurement | Estimated Amount without VAT | Bid Security NRs. | Document Fee NRs. |
|---|---|---|---|---|
| 03/077-078/NCB/ Goods/WIEDO-Humla | Supply and Delivery of Installation, Testing and Commissioning of 220V Battery andRepair of penstock bend of Heldung small Hydropower | 16,21885.40 | 49,000.00 | 3000.00 |
| 04/077-078/NCB/ Goods/WIEDO-Humla | Supply and Delivery Installation, Testing and Commissioning of AVR of Heldung small Hydropower | 9,86,508.70 | 30,000.00 | 3000.00 |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of ***Water Supply,Irrigation and Energy Development Office, Humla Tel.: 087680250, 9851159311 Email: wiedo.humla@gmail.com***of office Bidding documents is available at Office and deposit the cost of bidding document in the following bank.
   **Information to deposit the cost of bidding document in Bank:**
   Name of the Bank: Rastriya Banijya Bank ,Humla
   Name of the Office: Water Supply,Irrigation and Energy Development Office, Humla
   Office Account No. : 1000200010000 (Rajaswa)
   Code No. : 3370364016
   Revenue Head No. : 14229
   **Information to deposit the cost of bid Security amount :**
   Name of the Bank : Rastriya Banijya Bank , Humla
   Name of the Office : Water Supply,Irrigation and Energy Development Office, Humla
   Account No : 4190502000000 (Dharauti Khata )
3. Interested Bidders shall submit the Bids at ***Water Supply,Irrigation and Energy Development Office, Humla*** on or before 12:00 hours on 29**th May 2021 (2078-02-15)**. Bids received after this deadline will be rejected.
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on ***1:00 hour on 29*****th May 2021** at the office of ***Water Supply,Irrigation and Energy Development Office, Humla***. Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security (as mentioned above) which shall be valid for minimum 30 days beyond the bid validity period.
5. If the last date of submission and opening falls on a government holiday then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.Other mandatory information as per PPA 2063 and PPR 2064.

**OfficeChief**



**इच्छाकामना गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**कुरिनटार, चितवन**

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०१/३१**

यस इच्छाकामना गाउँपालिका अर्न्तगत ढङग्रे खानेपानीका लागि तपसिलमा उल्लेखित कार्यहरु सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गर्नुपर्ने भएकाले सार्वजनिक खरिद ऐनको दफा ४० तथा नियमावलीको नियम ८४ बमोजिम नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी, आपूर्तीकर्ता तथा सप्लायर्सबाट ढङग्रे खानेपानी लिफ्टिङ्गका लागि आवश्यक सोलार सामाग्री खरदिका लागि निम्न शर्तको अधिनमा रही रितपूर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

**तपसिल**

१. सिलबन्दी दरभाउपत्र फाराम खरिदको लागि नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता प्रमाणपत्र, मू.अ.क. दर्ता प्रमाणपत्र, फर्म संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र र आ.व. ०७६/०७७ को कर चुक्ताको प्रतिलिपि, निवेदन सहित यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन सम्ममा तपसिलमा उल्लेखित दस्तुर जम्मा गरी (फिर्ता नहुने गरी) सिलबन्दी दरभाउपत्र खरिद गर्न सकिनेछ ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन, दिनको १२:०० बजे भित्र दर्ता गरिसक्नु पर्ने छ । यसरी दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र हरु सोही दिन दिनको १:०० बजे कार्यालयका प्रतिनिधिहरु र सिलबन्दी दरभाउपत्र दाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । सिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

३. सिलबन्दी दरभाउपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट कार्यालय खुलेको दिन सोहि समयमा उपरोक्त अनुसारको कार्य हुनेछ ।

४. सिलबन्दी दरभाउपत्र साथ जमानत वापतको निम्न विवरणमा उल्लेखित रकम ग्लोवल. आइएम. ई. बैंक लि. कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको धरौटी खाता नं. GA-3 C401010000021 मा जम्मा गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट ४५ दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त 'क' बर्गको बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) पेश गर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र फाराम बापतको दस्तुर ग्लोवल. आइएम. ई. बैंक लि. कुरिनटार, चितवन स्थित इच्छाकामना गाउँपालिका कार्यालय चितवनको आन्तरिक राजस्व खाता नं. . GA-1-1C404010000004 मा जम्मा गरेको भौचरको scan copy समेत पेश गर्नु पर्ने छ ।

६. कालो सुचिमा नपरेको स्वयं घोषणापत्र समेत पेश गर्नु पर्नेछ ।

७. सिलबन्दी दरभाउपत्र मा मू.अ.क. बाहेकको दररेट उल्लेख गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्र भर्दा दररेट स्पष्ट रुपमा अक्षर र अंकमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघि आएको र रित नपुगेको सिलबन्दी दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।

८. कार्यालयको हितलाई ध्यानमा राखी सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा स्वीकृत नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९. सूचनामा उल्लेख नभएको कुराहरुका हकमा सार्वजनिक खरिद ऐन,२०६३ एवं नियमावली, २०६४ र प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. कामको विवरण निम्नानुसारको छ ।

| सि.नं. | ठे.नं. | कामको विवरण | ल.ई.रकम (मु.अ.क. र कन्टिन्जेन्सी बाहेक) | जमानत रकम | फाराम खरिद दस्तुर | माध्यम |
|---|---|---|---|---|---|---|
| १ | SQ/IRM/03/ 077/078 | ढङग्रे खानेपानी लिफ्टिङ्गका लागि आवश्यक सोलार सामाग्री खरिद | १०,९१,५००.०० | ३१,६५४.०० | १,०००..०० | शिलबन्दी दरभाउपत्र |

**प्रमुख प्रशासकीय अधिकृत**
**इच्छाकामना गाउँपालिका**